नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

मिति:-२०७९/०९/१९

पत्र सं.:-२०७९/८०

चलानी नं.:- २६०

विषयः- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन प्रयोजनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० बमोजिम स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ कार्यन्वयनमा रहेको छ। सो बमोजिम सबै स्थानीय तहले पौष मसान्तभित्र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरी माघको पहिलो हप्ताभित्र आ-आफ्नो Website र सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यविधिले तोकेको अवधिभित्रै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सार्वजनिक गर्ने कार्य सम्पन्न गर्नुहुन निर्णयानुसार अनुरोध छ।

२०७९/९/१९

चिरञ्जीवी नेपाल

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री जिल्ला समन्वय समिति, (सबै):- जिल्लास्थित सबै स्थानीय तहको नतिजा प्रकाशन गर्ने कार्यमा आवश्यक समन्वय हुन।

श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमः- प्रादेशिक सुशासन केन्द्र मार्फत आवश्यक समन्वय र सहजीकरण गर्नुहुन।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गराइदिनु हुन।